Silver Jubilee
YUGAAWHAN NATIONAL DAILY ESTD : 2057
25th RAJAT JAYANTI 2082

कर्णाली प्रदेशको पहिलो राष्ट्रिय दैनिक

# युगआह्वान

yugnews.com

निष्पक्षता, निर्भिकता, निरन्तरता...

(ई-पेपरका लागि स्क्यान गर्नुहोस् ।)

वर्ष: २६ | अंक: १४४ | वि.सं. २०८३ भदौ २१ आइतवार | नेपाल संवत: ११४५, भाद्र कृष्ण दशमी | Sunday 6 September 2026 | yugaawhan@gmail.com | पृष्ठ: ४ | मूल्य: ५ ।-

# चार वर्षदेखि साल्मा खोलाको पुल अलपत्र, जोखिम मोलेर खोला तर्नुपर्ने बाध्यता

**युग संवाददाता**
**जाजरकोट, २० भदौ ।**

छेडाचाँदे-जुम्ला सडकखण्डअन्तर्गत जाजरकोटको साल्मा खोला (खारा) मा निर्माणाधीन पक्की पुल चार वर्षदेखि अलपत्र पर्दा यात्रु तथा स्थानीयले सास्ती खेप्दै आएका छन् । छेडागाड नगरपालिका-१ र ४ जोड्ने साल्मा खोलामा पुल निर्माण सुरु भएको लामो समय बितिसक्दा पनि दुईवटा पिलर निर्माण गरेर ठेकेदारले काम छाडेपछि पुल अधुरै रहेको हो ।



पुल निर्माण सम्पन्न नहुँदा छेडाचाँदे-जुम्ला सडकखण्डमा दैनिक सञ्चालन हुने यातायातका साधनलाई खोलामै जोखिम मोलेर आवतजावत गर्नुपर्ने बाध्यता छ । विशेषगरी बर्खायाममा साल्मा खोलामा पानीको बहाव बढ्दा सवार ।साधन वारपार गर्न निकै कठिन हुने गरेको स्थानीय प्रकाश केसीले बताए ।

पूर्वाधार विकास कार्यालय, जाजरकोटले साल्मा खोलामा पक्की पुल निर्माणका लागि नेपाल मेघा सिस्ने जेभी, नेपालगन्जसँग २०७८ असोज २९ गते ठेक्का सम्झौता गरेको थियो । चार करोड ८८ लाख एक हजार पाँच सय १७ रुपैयाँ ९१ पैसा लागतमा निर्माण सम्पन्न गर्ने गरी सम्झौता भएको पुल २०८० माघ २८ गतेभित्र सम्पन्न गर्नुपर्ने थियो ।

तर सम्झौता भएको मितिदेखि हालसम्म करिब चार वर्ष ११ महिना बितिसकेको छ भने पुल सम्पन्न गर्नुपर्ने म्याद सकिएको पनि करिब दुई वर्ष छ महिना २१ दिन भइसकेको छ । यस अवधिमा पुलका दुईवटा पिलर निर्माण भए पनि बाँकी काम अघि बढ्न सकेको छैन ।

पूर्वाधार विकास कार्यालयका अनुसार ठेकेदार कम्पनीले २०८० असार मसान्तसम्म म्याद थप मागेको थियो । म्याद थप गरिए पनि पुल निर्माणको काम भने हालसम्म सम्पन्न हुन सकेको छैन ।

निर्माण व्यवसायीले पुलका दुईवटा पिलरको काम गरेपछि निर्माणलाई निरन्तरता नदिँदा संरचना बीचमै अधुरो बनेको छ । पुल निर्माणको काम अलपत्र पर्दा सडकमा यात्रा गर्ने यात्रु, स्थानीय तथा मालवाहक सवारीसाधनले वर्षौंदेखि समस्या झेल्दै आएका छन् ।

सडकखण्डमा नियमित यातायात सञ्चालन हुने भए पनि पुल नहुँदा साल्मा खोलामा

बाँकी ४ पेजमा

## रिसाङ्का पहिरोपीडितको चिन्ता- ‘सरकारले अब हामीलाई हेर्छ कि हेर्दैन ?’

भेरी नगरपालिका-२ रिसाङ्का बाढीपहिरोपीडित परिवारमा अहिले एउटै चिन्ता छ- ‘सरकारले अब हाम्रो पीडा सुन्छ कि सुन्दैन ?’

गत साउन ३० गते आएको बाढीपहिरोले रिसाङमा ठूलो क्षति पुऱ्याएपछि सयौँ परिवार प्रभावित छन् । घरबार गुमाएका परिवार लामो समयदेखि अस्थायी आश्रयस्थल टेन्टमुनि बस्दै आएका छन् । वर्षायाम अझै जारी रहेकाले टेन्टमुनिको बसाइ उनीहरूका लागि दिनप्रतिदिन जोखिमपूर्ण र कष्टकर बन्दै गएको छ ।

पहिरोले घरमात्रै बगाएन, कतिपय परिवारको घरबारी र वर्षौंको मिहिनेतसमेत माटोमा मिसाइदियो । भूकम्पबाट क्षतिग्रस्त घरको विकल्पका रूपमा बनाइएका अस्थायी टहरासमेत पहिरोले बगाएपछि कतिपय परिवारको टाउको लुकाउने ठाउँसमेत बाँकी रहेन ।

त्यसमाथि भदौ १० गते भोटेकोशी क्षेत्रमा आएको ठूलो बाढीपछि सरकारको ध्यान रसुवातर्फ केन्द्रित भएकामा रिसाङ्का पीडितहरू आफ्नो पीडा कतै ओझेलमा पर्ने त होइन भन्ने चिन्तामा छन् ।

भेरी नगरपालिका-२ रिसाङ्की ६३ वर्षीया कालिका वलीलाई यही चिन्ताले सताइरहेको छ । ‘भोटेकोशीमा ठूलो बाढी आयो भनेर सरकारको सबै ध्यान त्यतातिर छ । अब हामीलाई सरकारले हेर्छ कि हेर्दैन भन्ने चिन्ता छ,’ उनले भनिन् ।

टेन्टमुनिको बसाइ उनका लागि सहज छैन । बर्खाको समयमा पानी र चिसोको समस्या त छँदैछ, कहिलेकाहीँ टेन्टभित्रै सर्पसमेत आउने गरेको उनी बताउँछिन् । ‘टेन्टमुनि बस्नुपरेको छ । बर्खाको समयमा बसाइ निकै जोखिमपूर्ण छ । कहिलेकाहीँ बसेकै ठाउँमा सर्पसमेत आउने गरेका छन्,’ उनले भनिन्, ‘सरकारले नयाँ घर बनाइदिन्छ भन्ने आशा छ, त्यो आशा पूरा हुन्छ कि हुँदैन भन्ने चिन्ता छ ।’

बाँकी ३ पेजमा

# बाँकेमा प्रदेश सरकारका १५ पुल निर्माण स्थानीयको आवागमन सहज

**सरला सुवेदी**
**बाँके, २० भदौ ।**

लुम्बिनी प्रदेश सरकारले सङ्घीयता कार्यान्वयनपछि बाँकेमा १५ वटा पक्की पुल निर्माण सम्पन्न गरेको छ । पुल निर्माणसँगै वर्षायाममा खोला तथा नाला तर्नुपर्ने बाध्यता हट्नुका साथै ग्रामीण क्षेत्रका हजारौँ स्थानीय बासिन्दाको आवागमन सहज भएको छ ।




लुम्बिनी प्रदेश सरकारको भौतिक पूर्वाधार मन्त्रालयअन्तर्गत सडक पूर्वाधार विकास कार्यालय, बाँकेका प्रमुख चन्द्रबहादुर शाहका अनुसार जिल्लामा १५ वटा पुल निर्माण सम्पन्न भइसकेका छन् । थप दुई वटा पुल निर्माण सम्पन्न हुने चरणमा छन् भने दुई वटा पुल निर्माणका लागि बहुवर्षीय ठेक्का आह्वान भइसकेको छ ।

उहाँका अनुसार बैजनाथ गाउँपालिका-६ स्थित जेठी नाला र कोहलपुरमा पक्की पुल निर्माण भइरहेको छ । स्थानीय आवश्यकताका आधारमा नयाँनयाँ स्थानमा पुल निर्माणलाई प्राथमिकता दिइएको उनले बताए । “प्रदेश सरकारले आवश्यकताका आधारमा पुल निर्माणलाई प्राथमिकता दिएको छ। स्थानीयको माग र आवश्यकताका आधारमा नयाँ स्थानमा पनि पुल निर्माणको काम अघि बढाइएको छ,” शाहले भने ।

कार्यालयका अनुसार डुडुवा नाला, जेठी नाला, किरण नाला, गौरी नाला, गेरुवा नाला, गडगैचा नाला, गन्धैला नाला, दोन्द्रा नाला र रोहिणी खोलालगायतका स्थानमा पुल निर्माण सम्पन्न भएका छन् । किरण नालाअन्तर्गत खजुरा-२, सिगाउँ, खजुरा-४, चल्तुवा, सिर्जनाटोल तथा साईगाउँमा पक्की पुल निर्माण गरिएको छ ।

सिर्जनाटोल र साईगाउँका पुल भने निर्माण व्यवसायीको ढिलासुस्तीका कारण निर्धारित समयमा सम्पन्न हुन नसकेको कार्यालयले जनाएको छ । त्यस्तै, जेठी नालाअन्तर्गत चार वटा पुल निर्माण सम्पन्न भइसकेका छन् भने एचगाउँमा नयाँ पक्की पुल निर्माण भइरहेको छ ।

पुल बनेपछि स्थानीय बासिन्दाले दैनिक आवतजावतमा ठूलो राहत मिलेको बताएका छन् । बैजनाथ-६ का स्थानीय रामबहादुर थारूले पुल नहुँदा वर्षायाममा खोला तर्न निकै समस्या हुने गरेको बताउँदै अहिले सहज भएको बताए । “पहिले पानी बढेपछि वारिपारि गर्न डराउनुपर्थ्यो। अहिले पक्की पुल बनेपछि मोटरसाइकल, साइकल र पैदल हिँड्न पनि सजिलो भएको छ,” उनले भने ।

त्यस्तै खजुरा-२ का स्थानीय सीता विकले पुल निर्माणपछि गाउँका विद्यार्थी, किसान र बिरामीलाई विशेष सुविधा भएको बताए । “पुल नहुँदा विद्यालय जाने बालबालिका र बिरामीलाई निकै समस्या हुन्थ्यो। अहिले जुनसुकै समयमा पनि सहजै आवतजावत गर्न सकिन्छ,” उनले भने ।

कोहलपुरका स्थानीय भिमबहादुर बुढाले पुल बनेपछि गाउँको सडक सञ्जालसँगको पहुँचसमेत सहज भएको बताए । “पहिले खोला बढेपछि बाटो नै बन्दजस्तो हुन्थ्यो । अहिले पुल बनेपछि बजार, अस्पताल र अन्य सेवा लिन जान सजिलो भएको छ,” उनले भने ।

लुम्बिनी प्रदेशका भौतिक पूर्वाधार विकासमन्त्री रत्न खत्रीले संघीयता कार्यान्वयनपछि प्रदेश सरकारले पुल निर्माणको क्षेत्रमा उल्लेख्य काम गरेको बताए । “संघीयता कार्यान्वयनपछि लुम्बिनीमा दर्जनौँ पुल निर्माण गरिएको छ । यसबाट सवारीसाधन सञ्चालनमा सहजता भएको छ,” उनले भने ।

मन्त्री खत्रीले पुलसँगै सडक निर्माणलाई समेत प्रदेश सरकारले प्राथमिकतामा राखेको बताए । पुल र सडक पूर्वाधार विस्तारले ग्रामीण क्षेत्रलाई बजार तथा सेवा केन्द्रसँग जोड्नुका साथै स्थानीयको






## स्वास्थ्य टिप्स/जानकारी

# मिर्गौला बिग्रनु अगाडि नै कसरी थाहा पाउने ?

हाम्रो शरीरमा दुई वटा मिर्गौला हुन्छन् । मिर्गौलाको मुख्य काम रगत सफा गर्ने हो । हामीले खाएको खानेकुरा प्राचन प्रणालीमा गएपछि पाचन र मेटावोलिजम प्रक्रिया हुन्छ र दुषित पदार्थ जम्मा हुन्छ ।

खासगरि युरिया र क्रियाटिनिनलाई मिर्गौलाले फिल्टर गर्छ । शरीरमा भएको सबै रगत मिर्गौलाले नै फिल्टर गर्छ । ९८ प्रतिशत रगत शरीरले नै पुनः लिन्छ भने २ प्रतिशतलाई पिसाबको रुपमा फाल्छ ।

मिर्गौला प्रत्यारोपण सर्जन डा रविन बहादुर बस्नेतका अनुसार मिर्गौलामा समस्या भइसकेपछि रगतको कमी हुन थाल्छ । जसले गर्दा काम गर्न जाँगर नलाग्ने, थोरै हिँड्दा पनि थकाइ लाग्ने, स्वाँ-स्वाँ हुनेजस्ता लक्षण देखिन्छन् ।युरिया र क्रियाटिनिनको मात्रा बढ्दै गएपछि खान मन नलाग्ने, वाकवाक लाग्ने, सास फेर्न गाह्रो हुने र सास फेर्दा पिसाबको गन्ध आउने लक्षण देखिन्छ ।

मिर्गौला बिग्रिनु अगाडि नै थाहा पाउने सबैभन्दा उत्तम र भरपर्दो उपाय नियमित रगत र पिसाबको परीक्षण गराउनु  हो । मिर्गौला बिग्रिन सुरु हुँदा शुरुवाती चरणमा कुनै पनि लक्षण देखिँदैनन् । मिर्गौलाले आफ्नो ७० देखि ९० प्रतिशतसम्म कार्यक्षमता गुमाएपछि मात्र शरीरमा लक्षणहरू देखा पर्न थाल्छन् ।

यदि तपाईं समयमै सजग हुन चाहनुहुन्छ भने निम्नलिखित जाँचहरू र प्रारम्भिक संकेतहरूमा ध्यान दिनुपर्छ ।

**अनिवार्य रूपमा गर्नुपर्ने स्वास्थ्य परीक्षणहरू**

यदि तपाईंलाई मधुमेह, उच्च रक्तचाप, वा परिवारमा कसैलाई मिर्गौलाको रोग छ भने वर्षमा कम्तीमा एक पटक यी परीक्षणहरू गराउन आवश्यक छ ।

**पिसाबको जाँच**

मिर्गौला खराब हुन थालेको सबैभन्दा पहिलो संकेत पिसाबबाट प्रोटिन वा एल्बुमिन लिक हुनु हो । यो जाँचबाट मिर्गौला बिग्रिनु अगाडि नै समस्या पत्ता लाग्छ ।

**रगतको जाँच**

रगतमा 'क्रिएटिनिन' को मात्रा बढेको छ भने यसले मिर्गौलाले फोहोर छान्न छाडेको संकेत गर्छ । यसैको आधारमा (मिर्गौलाको फिल्टर गर्ने क्षमता) निकालिन्छ ।

**भिडियो एक्सरे**

यसले मिर्गौलाको आकार, पत्थरी वा कुनै अवरोध भए नभएको देखाउँछ ।

**शरीरले दिने प्रारम्भिक चेतावनीका संकेतहरू**

मिर्गौलामा समस्या बढ्दै जाँदा शरीरमा यस्ता परिवर्तनहरू देखिन सक्छन्, जसलाई बेवास्ता गर्नु हुँदैन ।

**पिसाबमा परिवर्तन**

पिसाबमा धेरै फिज देखिनु (प्रोटिन बगेको संकेत), पिसाबको रङ गाढा हुनु वा रगत देखिनु, र रातिको समयमा धेरै पटक पिसाब लाग्नु ।

**शरीर सुन्निनु**

मिर्गौलाले पानी र नुन छान्न नसक्दा विशेषगरी बिहान उठ्दा आँखाको वरिपरि, र बेलुकातिर गोडा, पैताला वा हत्केलाहरू सुन्निनु ।

**अत्यधिक थकान र कमजोरी**

रगतमा फोहोर जम्मा हुँदा र मिर्गौलाले पर्याप्त रातो रगत कोशिका बनाउन नसक्दा (एनिमिया भएर) कडा थकान र कन्सन्ट्रेट गर्न गाह्रो हुनु ।

**छाला सुक्खा हुनु र चिलाउनु**

रगतमा खनिज र पोषक तत्वहरूको सन्तुलन बिग्रँदा छाला एकदमै सुक्खा हुने र चिलाउने हुन्छ ।

**भोक नलाग्नु र वाकवाकी**

रगतमा युरिया जस्ता विषाक्त पदार्थ बढ्दा खान मन नलाग्ने, मुखको स्वाद बिग्रने (धातु जस्तो स्वाद) र वाकवाकी लाग्ने हुन्छ ।

# हानि–नोक्सानी कोषको सान्दर्भिकता तथा उपयोग



✍ डा. गणेशराज जोशी

विश्वभर बढ्दो हरितगृह ग्यास उत्सर्जनका कारण औसत तापक्रम बढिरहेको छ । तर, अन्य भूभागको तुलनामा हिन्दूकुश हिमालय क्षेत्रमा तापक्रम वृद्धिको दर विश्वव्यापी औसतभन्दा निकै बढी छ । यसलाई उचाइमा निर्भर तापक्रम वृद्धि भनिन्छ, जसको प्रत्यक्ष असर नेपालका हिमालहरूमा चट्टान फुट्ने र हिमतालहरू जोखिममा पर्ने रूपमा देखिएको छ । विश्वको औसत तापक्रम वृद्धिभन्दा विभिन्न मौसममा हुने तापक्रमको वृद्धि द्रुत गतिमा रहेको छ ।

अध्ययनहरूले उक्त क्षेत्रमा विगतका बर्षहरूमा जुनदेखि अगस्तसम्मको औसत तापक्रम वृद्धि अन्य सिजनको तुलनामा बढी रहेको देखाएको छ । यो प्रवृत्तिको निरन्तरता रहने सम्भावना ज्यादै रहेकाले यसको असर कुल हरित गृह ग्यास उत्सर्जनमा ज्यादै न्यून हिस्सा रहेको नेपालजस्ता पर्वतीय मुलुकमा ज्यादै हुँदै गएको छ । लाङटाङ लिरुङ हिमालको करिब पाँच हजार २०० देखि पाँच हजार ४०० मिटरको उचाइबाट करिब ६०० मिटर चौडाइ भएको हिउँ र चट्टानको ठूलो ढिक्का खसेको उल्लेख गरिएको थियो । यो खसाई यति शक्तिशाली थियो कि अमेरिकी भूगर्भ सर्वेक्षणले यसलाई ५.२ म्याग्निच्युडको भूकम्प सरहको कम्पनका रूपमा रेकर्ड गरेको थियो । रसुवाको भोटेकोशी र त्रिशूली नदीमा यही भदौ १० गते आएको विनाशकारी बाढीको मुख्य कारण उत्तरी क्षेत्रबाट खसेको विशाल हिमचट्टान र हिमपहिरो रहेको देखिन्छ ।

भोटेकोशी-त्रिशूली नदी प्रणालीमा आएको विनाशकारी बाढी नेपालको इतिहासकै सबैभन्दा खराब जलवायुजन्य विपद्मध्ये एक बन्न पुगेको छ । वैज्ञानिकहरूका अनुसार तिब्बत क्षेत्रमा रहेको ल्हेन्दे खोलाको माथिल्लो जलाधार क्षेत्रमा अत्यधिक गर्मीका कारण परमाफ्रोस्ट (हिउँ-चट्टानको ढिस्को) भत्किँदा भोटेकोशी र त्रिशूली नदीमा लेदोसहितको भयानक आकस्मिक बाढी उर्लिएको थियो । यसलाई हिमालयन सुनामीको रुपमा पनि उल्लेख गर्ने गरिएको छ । बाढी प्रभावित क्षेत्रहरू (रसुवा, नुवाकोट, धादिङ, गोरखा, चितवन, र नवलपरासीसम्म) बाट लगातार शवहरू फेला परिरहेका छन् ।

हालसम्म करिव १३०० जनाको मृत्यु भएको पुष्टि भइसकेको छ र शवहरू सङ्कलन गरिएका छन्, करिब चार हजार ८०० जना अझै हराइरहेका छन्, हराइरहेकाहरूमध्ये अधिकांश जलविद्युत् आयोजनाका भूमिगत सुरुङ र विद्युत्गृहमा कार्यरत व्यक्ति, स्थानीय बासिन्दा र पर्यटकहरू रहेका छन् । हराइरहेकाहरूमध्ये विभिन्न ३४ देशका करिब ५९० जना विदेशी नागरिकको खोजीका लागि नेपाल सरकारको सम्बन्धित निकायले समन्वय गरिरहेको छ भने हालसम्म करिब १२ हजारको जीवितै उद्धार गरिएको छ ।

रसुवा जिल्ला तथा आसपासको क्षेत्र (विशेषगरी भोटेकोशी नदी बेसिन) मा आएको विनाशकारी बाढी र पहिरोले ठूलो मानवीय, आर्थिक तथा भौतिक क्षति पुऱ्याएको छ । जलवायु परिवर्तनको विश्वव्यापी असरका कारण सिर्जित यस्ता चरम मौसमी घटनाबाट हुने क्षति परिपूरणका लागि सन् २०१५ को पेरिस सम्झौता र कोप सम्मेलनहरूका निर्णयअनुसार स्थापित 'हानि-नोक्सानी कोष' नेपालका लागि वित्तीय स्रोत जुटाउने महत्वपूर्ण माध्यम बन्नसक्ने महसुस गरी हालै नेपाल सरकारले यस कोषको सञ्चालक समितिलाई पत्र पठाइसकेको छ ।

विगतका कोप सम्मेलनका विशिष्ट निर्णयहरू

हानि-नोक्सानीको एजेन्डालाई स्थापित गर्न र यस कोषलाई मूर्त रूप दिन विभिन्न पक्ष राष्ट्रहरूको सम्मेलनहरू ऐतिहासिक कोशेढुङ्गा सावित भएका छन्, जसअनुसार

-कोप १९ (वारसा, २०१३): वारसा अन्तर्राष्ट्रिय संयन्त्रको स्थापनाः यो सम्मेलनले पहिलोपटक विकासोन्मुख देशहरूमा जलवायु परिवर्तनको असरबाट हुने हानि-नोक्सानीलाई सम्बोधन गर्न आधिकारिक संयन्त्र स्थापना गर्ने निर्णय गरेको थियो ।

-कोप २१ (पेरिस, २०१५): पेरिस सम्झौताको धारा ८ : यस सम्मेलनले हानि-नोक्सानीको मुद्दालाई 'अनुकूलन' भन्दा फरक र स्वतन्त्र विधाका रूपमा पेरिस सम्झौताको धारा ८ मा समावेश गऱ्यो, जसले गर्दा यस विषयले कानुनी र विश्वव्यापी मान्यता प्राप्त गरेको थियो ।

-कोप २७ (शार्म अल-शेख, २०२२): कोष स्थापनाको ऐतिहासिक निर्णय : वर्षौंको कूटनीतिक दबाबपछि, यो सम्मेलनले अन्ततः प्रभावित र जोखिममा रहेका मुलुकहरूलाई वित्तीय सहयोग गर्न एउटा छुट्टै 'हानि-नोक्सानी कोष' स्थापना गर्ने सहमति गरेको थियो ।

-कोप २८ (दुबई, २०२३): कोषको सञ्चालन र प्रारम्भिक प्रतिवद्धता : सम्मेलनको पहिलो दिनमै कोषलाई औपचारिक रूपमा सञ्चालन गर्ने निर्णय भयो र विकसित देशहरूले यसमा झन्डै ४७०० मिलियन डलर जम्मा गर्ने प्रारम्भिक प्रतिबद्धता जनाएका थिए । विश्व बैंकलाई यसको अन्तरिम जिम्मेवारी दिइऐको थियो ।

-कोप २९ (बाकु, २०२४): वित्तीय लक्ष्य र संरचनागत पूर्णताः यस सम्मेलनले कोषको पूर्ण कार्यान्वयनका लागि एक सचिवालय रहने निर्णयलाई अनुमोदन गरी नयाँ सामूहिक गुणात्मक लक्ष्यअन्तर्गत हानि-नोक्सानीका लागि वित्तीय हिस्सा सुनिश्चित गर्ने बहसलाई अगाडि बढाएको थियो ।

**कोषका प्रावधानहरू, पालना गर्नुपर्ने शर्तहरू र आवेदन प्रक्रिया**

नेपालले कोष सञ्चालक समितिलाई पत्र पठाइसकेको सन्दर्भमा उक्त कोषका प्रावधानहरू, पालना गर्नुपर्ने शर्तहरू, आवेदन प्रक्रिया र यस मार्गमा रहेका सहजता एवं असहजताहरूको विश्लेषण संक्षेपमा गरिएको छः

**क) हानि–नोक्सानी कोषका मुख्य प्रावधानहरू :**

संयुक्त राष्ट्रसङ्घीय जलवायु परिवर्तन खाका महासन्धिअन्तर्गत स्थापित यस कोषले विकासोन्मुख र जलवायु जोखिममा रहेका मुलुकहरूलाई आर्थिक सहयोग गर्ने निर्दिष्ट लक्ष्य राखेको छ । यसका प्रमुख प्रावधानहरू यस प्रकार रहेका छन् :

-लक्षित समूह : यो कोष विशेषगरी जलवायु परिवर्तनको मारमा परेका र अत्यधिक जोखिममा रहेका नेपाल जस्ता अल्पविकसित देशहरू र साना टापु राष्ट्रहरूका लागि लक्षित गरेको छ ।

-वित्तीय स्वरूपः कोषबाट प्राप्त हुने सहायता मुख्यतः अनुदानमा आधारित हुने हुँदा प्रभावित देशहरूमा थप ऋणको भार नपर्ने हुन्छ ।

-सञ्चालन मोडालिटीः कोषको बोर्डले सन् २०२५-२०२६ को सङ्क्रमणकालीन चरणका लागि बार्बाडोस कार्यान्वयन मोडालिटी अनुमोदन गरेको छ । यसअन्तर्गत तत्कालै सञ्चालन गर्न सकिने तल्लो तहदेखि माथिसम्मको र देश-नेतृत्व/स्वामित्वको दृष्टिकोणलाई प्राथमिकता दिएको छ ।

-सहायताको क्षेत्रः कोषले आकस्मिक विपद्पछिको पुनर्स्थापना, मध्यकालीन तथा दीर्घकालीन पुनर्निर्माण, जीविकोपार्जनमा सुधार र अभौतिक हानि-नोक्सानी (जस्तैः सांस्कृतिक सम्पदा, स्थानीय ज्ञान वा समुदाय विस्थापन) लाई समेटेको छ ।

-द्रुत वित्तीय पहुँचः आकस्मिक रूपमा आउने ठूला विपद्हरू (जस्तैः ठूलो बाढी, हिमताल विष्फोटन, चक्रवात) को तत्काल सम्बोधनका लागि छोटो प्रक्रियाबाट रकम निकासा गर्ने विशेष प्रावधान यसमा समावेश छ ।

-कोषको सचिवालय र कोषको जिम्माः हाल यस कोषको एक स्वतन्त्र सचिवालय रहने सहमति भएको छ भने अन्तरिम वित्तीय मध्यस्थकर्ताका रूपमा विश्व बैंकले काम गरिरहेको छ ।

**ख) क्षतिपूर्ति दाबीका लागि नेपालले अपनाउनुपर्ने शर्तहरू**

यस कोषबाट रकम प्राप्त गर्न नेपालले केही अन्तर्राष्ट्रिय मापदण्ड र सञ्चालनका शर्तहरू पूरा गर्नु पर्दछ जुन तल उल्लेख गरिएको छ ।

-जलवायु परिवर्तनसँगको प्रत्यक्ष सम्बन्धः रसुवा वा भोटेकोशीको बाढी सामान्य प्राकृतिक प्रकोप नभई विश्वव्यापी तापमान वृद्धिका कारण सिर्जित 'चरम मौसमी घटना' वा हिमताल विष्फोटनको परिणाम हो भनी वैज्ञानिक तथ्य र तथ्याङ्क प्रस्तुत गर्नुपर्ने हुन्छ ।

-पारदर्शिता र वित्तीय सुशासन : प्राप्त हुने रकम कसरी खर्च गरिन्छ र त्यसको लेखापरीक्षण कसरी हुन्छ भन्ने स्पष्ट राष्ट्रिय खाका निर्माण गर्नु पर्दछ । यस कोषले उच्च वित्तीय पारदर्शीताको माग गरेको छ ।

-तल्लो तहको स्वामित्व : प्रस्तावित योजना र पुनर्निर्माणका कार्यक्रमहरू प्रभावित समुदायको प्रत्यक्ष सहभागिता र सहमतिमा तर्जुमा भएको हुनु पर्दछ । कोषले प्रभावित स्थानीय समुदाय, आदिवासी जनजाति, महिला र सीमान्तकृत समूहको प्रत्यक्ष सहभागिता र उनीहरूको आवश्यकतामा आधारित योजनाहरूलाई प्राथमिकता दिने उल्लेख छ ।

-अन्तरराष्ट्रिय र राष्ट्रिय संयन्त्रको तादात्म्यताः यो कोषले मानवीय सहायता निकाय वा सरकारको नियमित बजेटसँग नबाझिने गरी, बरु उनीहरूका परिपूरकका रूपमा काम गर्ने सुनिश्चितता प्रदान गर्नु पर्दछ ।

**ग) कोषबाट वित्तीय सहायता प्राप्त गर्ने प्रक्रियाहरू**

नेपालले कोषको कार्यविधि हानि नोक्सानी कोष(एफआरएलडी)को निर्देशिका र बार्बाडोस कार्यान्वयन संयन्त्र(बिआइएम)को नियमानुसार पाँचवटा प्रक्रियाहरू अवलम्बन गर्नुपर्छ । पहिलो चरणमा विस्तृत क्षति मूल्याङ्कन, दोस्रो चरणमा राष्ट्रिय सम्पर्क निकायमार्फत प्रस्ताव लेखन, तेस्रो चरणमा एफआरएलडीको बोर्डसमक्ष प्रस्ताव दर्ता, चौथो चरणमा सचिवालय र प्राविधिक टोलीद्वारा छनोट र पाँचौं चरणमा कोष बोर्डको स्वीकृति र रकम निकासा रहेको छ ।

**नेपालको लागि अवसर र चुनौती**


यस कोषको उपयोग गर्न नेपालसँग केही बलिया सकारात्मक पक्ष र सहजताहरू रहेको देखिन्छ । कोषको निर्देशिकामा अल्पविकसित देशहरूका लागि न्यूनतम रकम विनियोजनको निश्चित सीमा तोकिएकाले नेपालले प्राथमिकता पाउने बलियो सम्भावना रहन्छ । नेपालले हरितगृह ग्यास उत्सर्जनमा न्यून भूमिका खेलेर पनि ठूलो क्षति भोगेको हुनाले कूटनीतिक रूपमा दाबी पेस गर्न नैतिक बल रहेको छ ।

सन् २०२५-२०२६ को अवधि कोषको सुरुआती चरण भएकाले नेपालले चाँडो प्रस्ताव तयार गरी कोषको कार्यविधिलाई आफ्नो अनुकूल बनाउन दबाब दिन र पैरवी गर्न सक्दछ । नेपालसँग यसअघि हरित जलवायु कोषसँग काम गरेको अनुभव रहेको र नेपालका केही संस्थाहरू पहिले नै अन्तरराष्ट्रिय जलवायु वित्तका लागि योग्य भएकाले ती संस्थाहरूलाई एफआरएलडीमा पनि प्रयोग गर्न सकिने सम्भावना रहेको छ ।

▶ बाँकी ३ पेजमा

## विश्व

# युक्रेनमा आगामी वर्ष ३२ अर्ब ६ करोड डलरको बाह्य वित्तीय अभाव हुने



◣ **किएभ, २० भदौ ।**

युक्रेनले सन् २०२७ मा ३२ अर्ब ६ करोड अमेरिकी डलर बराबरको बाह्य वित्तीय अभाव सामना गर्नुपर्ने भएको छ । युक्रेनका अर्थमन्त्री सेर्गी मार्चेन्कोले देशको आर्थिक अवस्था सन् २०२२ को जस्तै तरलता अभावको अवस्थामा पुग्न सक्ने चेतावनी दिएका छन् ।

इन्टरफ्याक्स-युक्रेन समाचार संस्थाका अनुसार मार्चेन्कोले सन् २०२२ पछि अहिलेसम्म यस्तो अवस्था नदेखिएको बताए। उनका अनुसार युक्रेन अहिले आवश्यक वित्तीय स्रोतको अभाव हुने जोखिमसँग निकै नजिक पुगेको छ ।

मार्चेन्कोका अनुसार सन् २०२७ मा युक्रेनलाई कुल ५० अर्ब अमेरिकी डलर बराबरको बाह्य वित्तीय सहयोग आवश्यक पर्ने अनुमान गरिएको छ । तर, आवश्यक रकममध्ये ३२ अर्ब ६ करोड डलर बराबरको रकम जुटाउने स्रोत अझै सुनिश्चित हुन सकेको छैन ।

आवश्यक आर्थिक सहयोग प्राप्त गर्न नसकेमा युक्रेनले गैरसैनिक क्षेत्रमा हुने सरकारी खर्च कटौती गर्नुपर्ने अवस्था आउन सक्ने अर्थमन्त्री मार्चेन्कोले बताए ।

लामो समयदेखि जारी युद्धका कारण देशको सरकारी खर्च र वित्तीय आवश्यकतामाथि ठूलो दबाब परेको अवस्थामा बाह्य सहयोगको अभावले आर्थिक समस्या थप गम्भीर बन्न सक्ने उनको भनाइ छ ।

यसैबीच, मार्चेन्कोले युक्रेनलाई आर्थिक सहयोग उपलब्ध गराउन रोक्का गरिएका रुसी सम्पत्तिको प्रयोगसम्बन्धी नयाँ योजना बनाउन युरोपेली सङ्घलाई आग्रह गरे । उनका अनुसार करिब ३०० अर्ब अमेरिकी डलर बराबरका रोक्का गरिएका रुसी सम्पत्तिमध्ये केही रकम युक्रेनको सहयोगका लागि प्रयोग गर्न सकिने विषयमा विचार गर्न आवश्यक छ ।

## महत्वपूर्ण टेलिफोन नम्बर

| | |
|---|---|
| **एम्बुलेन्स** | |
| एम्बुलेन्स (नेपाल रेडक्रस) | : ०८३-५२०३१० |
| एम्बुलेन्स (वीरेन्द्रनगर सहकारी) | : ९८४८०२०८६७ |
| एम्बुलेन्स (भू.पू. सैनिक कल्याणकारी समिति) | : ९८२२४११५८६ |
| शव वाहन | : ०८३-५२४२३६/९८५८०४३६०० |
| जिल्ला प्रहरी कार्यालय | : १००, ०८३-५२०२२२ |
| जिल्ला ट्राफिक कार्यालय | : ०८३-५२५४९६ |
| विद्यूत फ्यूज सेवा | :०८३-५२०२६७/५२०२६५ |
| महिला तथा बाल हेल्पलाइन | : १०९८ |
| **विमान स्थल** | |
| सुर्खेत | : ०८३-५२१९४५/५२५२१९ |
| जुम्ला | : ०८७-५२०१९० |
| मुगु ताल्चा : | |
| हुम्ला | : ०८७-६८००८० |
| डोल्पा | : ०८७-५५१०१९ |
| चौरजहारी (पश्चिम रुकुम) | : ०८८-४०१०४८ |
| नेपालगन्ज | : ०८१-५६५२०५ |
| **दमकल** | |
| वीरेन्द्रनगर न.पा. : | : १०१ |
| भेरीगंगा न.पा. | : ०८३-५४०११०, ९८५८०५१०५७ |
| नारायण न.पा. | : ०८९-४१०२०१ |
| **अस्पताल** | |
| दैलेख जिल्ला अस्पताल | : ०८९-४१०११७ |
| प्रदेश अस्पताल सुर्खेत | : ०८३-५२३२०० |
| सुर्खेत हस्पिटल प्रा.लि. | : ०८३-५२५४१७ |
| माया नर्सिङ्ग होम प्रा.लि. | : ०८३-५२१४३०, ५२५४३० |
| एम्बुलेन्स (माया नर्सिङ्ग होम) | : ०८३-५२१४३० |
| एम्बुलेन्स (देउती नर्सिङ्ग होम) | : ०८३-५२०५२८ |
| एम्बुलेन्स (स्वास्थ्यकर्मी संघ) | : ९८४४८३५६६६ |
| एम्बुलेन्स (नेपाल अर्बुद रोग निवारण संस्था) | : ९८६८११६०५२ |
| जाजरकोट अपस्ताल | : ०८९-४३०१२० |
| जिल्ला अस्पताल डोल्पा | : ०८७-५५०१११ |
| जिल्ला अस्पताल मुगु | : ०८७-४६०१६२ |

## आजको राशिफल

**मेष** — आत्मविश्वासको कमीले पछि परिनेछ । बेसुरमा वचन दिने बानीले समस्या निम्त्याउनेछ । शुभचिन्तकको सुझावलाई बेवास्ता गर्दा दुःख पाइनेछ ।

**वृष** — केही अवसर देखिए पनि मनोरञ्जनमा अलमलिँदा काम रोकिनेछ । नतिजा कमजोर देखिनाले काम दोहोर्याउनुपर्ला ।

**मिथुन** — अरूको उक्साहटमा लाग्दा अधिक खर्च हुनेछ । अवसरका लागि कडा परिश्रम गर्नुपर्ला । विदेश ताक्नेहरूलाई यात्राको प्रक्रिया अघि बढ्नेछ ।

**कर्कट** — बिहानको समय फलदायी रहनेछ । व्यापार, साझेदारी र सट्टापट्टामा लाभ मिल्नेछ । श्रमको उचित मूल्य पाइनेछ। आम्दानी बढ्नेछ ।

**सिंह** — आफ्नो क्षेत्रमा प्रभुत्व जमाउँदै दाम, इनाम र प्रतिष्ठा कमाउने बेला छ । लगनशीलताले विभिन्न अवसर दिलाउनेछ ।

**कन्या** — समाजमा विवादास्पद काम गर्नुपर्दा समस्यामा परिनेछ । ईर्ष्यालु मन भएकाहरूले सताउनेछन् । अरूका काममा धेरै समय व्यतीत गर्नुपर्नेछ ।

**तुला** — अस्वस्थताले काममा बाधा पुग्न सक्छ । खर्च र चुनौतीको समय रहेको हुँदा अलि सजग रहनुपर्ला । समस्या दर्साउँदा सहयोगीहरूले साथ दिनेछन् ।

**वृश्चिक** — रमाइलो यात्रा गर्ने समय छ । आकर्षक उपहारले उत्साह जगाउनेछ । विशेष काममा बिहानको समय अनुकूल रहनेछ ।

**धनु** — प्रयत्न गर्दा लक्ष्यमा पुग्न सकिनेछ । मेहनतले प्रतिस्पर्धाको दौड जिताउन सक्छ । परिस्थितिसँग केही सम्झौता गर्नुपर्नेछ ।

**मकर** — बिहानको समय सानोतिनो समस्यामा अलमलिनुपर्ला । कमजोर नतिजा सच्याउन काम दोहोर्याउनुपर्ने देखिन्छ ।

**कुम्भ** — अरूको फाइदाका लागि उपयोग भइनेछ भने आफ्ना लागि परिस्थिति प्रतिकूल रहनेछ । आफ्नैले धोका दिन सक्छन् ।

**मीन** — काम गर्न बिहानको समय अनुकूल रहनेछ । भौतिक साधन जुटाउन सकिनेछ । प्रतिस्पर्धीहरूले हार खानेछन् ।

# बाढीपीडितलाई देशका विभिन्न क्षेत्रमा सहयोग जुट्दै

**युग संवाददाता**
**बाँके, २० भदौ ।**

भोटेकोशी नदीमा आएको भीषण बाढीबाट प्रभावित नागरिकको उद्धार, राहत तथा पुनःस्थापनाका लागि बाँकेबाट प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा रु २४ लाख ३७ हजार २७४ सहयोग जम्मा भएको छ । जिल्ला प्रशासन कार्यालय बाँकेबाट प्राप्त विवरणअनुसार विभिन्न २१ वटा सङ्घसंस्था, विद्यालय, व्यावसायिक प्रतिष्ठान तथा व्यक्तिगत रूपमा सो रकम सङ्कलन गरी सहयोग गरिएको हो ।

बाँकेका प्रमुख जिल्ला अधिकारी दिलकुमार तामाङले विपद्मा परेका नागरिकको उद्धार तथा राहतका लागि बाँकेबाट विभिन्न क्षेत्रका व्यक्ति तथा सङ्घ संस्थाले सहयोग गरिरहेका बताए । रेको जानकारी दिए । उनका अनुसार जिल्लाबाट सबैभन्दा बढी नेपालगञ्ज उद्योग वाणिज्य सङ्घले रु छ लाख एक हजार प्रदान गरेको छ ।



**बागलुङ कालिका मन्दिरद्वारा ११ लाख हस्तान्तरण**

बागलुङको कालिका भगवती गुठी व्यवस्थापन समितिले भोटेकोशी नदीमा आएको बाढीबाट प्रभावित नागरिकहरूको राहत तथा पुनःस्थापनाका लागि रु ११ लाख ११ हजार १११ आर्थिक सहयोग गरेको छ । समितिका पदाधिकारीहरूले सिंहदरबारस्थित मन्त्रालयमा अर्थमन्त्री डा स्वर्णिम वाग्लेलाई सो रकम बराबरको चेक हस्तान्तरण गरेका थिए ।

चेक ग्रहण गर्दै अर्थमन्त्री डा वाग्लेले सङ्कटको घडीमा बागलुङ कालिका गुठीले देखाएको यो मानवीय संवेदनशीलता र सहयोगको सराहना गरे । उनले उक्त रकम बाढीपीडितको आवश्यकताका आधारमा पारदर्शी ढङ्गले राहत र पुनःरुत्थानमा उपयोग गरिने प्रतिबद्धता जनाए ।

**बिपी प्रतिष्ठानद्वारा ३७ लाख सहयोग**

बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानले बाढीपीडितका लागि रु ३७ लाख दुई हजार सहयोग प्रदान गरेको छ । भोटेकोशी नदीमा आएको बाढीबाट प्रभावित नागरिकको खोज, उद्धार, स्वास्थ्य उपचार तथा पुनःस्थापनामा सहयोग पुऱ्याउने उद्देश्यले उक्त रकम प्रदान गरिएको प्रतिष्ठानका आर्थिक प्रशासन प्रमुख मोहनकुमार राईले जानकारी दिए ।

प्रतिष्ठानका पदाधिकारी, शिक्षक, चिकित्सक, कर्मचारी, विद्यार्थी तथा पूर्वकर्मचारीहरूबाट एक दिन बराबरको पारिश्रमिक, भत्ता तथा पेन्सनबाट सहयोगस्वरूप 'प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोष' मा रकम जम्मा गरिएको उनले जानकारी दिए ।

**चितवनका स्थानीय तह राहतमा सङ्कलनमा**

चितवनका स्थानीय तहले राहत, उद्धार तथा पुनःस्थापनाका लागि आर्थिक, भौतिक तथा प्राविधिक सहयोग गरिरहेका छन् । स्थानीय तहले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा रकम सहयोग गर्नुका साथै बाढीमा बेपत्ता भएकाको खोजी, शव व्यवस्थापन तथा उद्धारका लागि एम्बुलेन्स, शववाहनलगायत साधन पनि परिचालन गरिरहेका छन् ।

इच्छाकामना गाउँपालिकाका चार जना नागरिक बेपत्ता भएका जनाउँदै बाढी प्रभावितको खोज, उद्धार तथा राहतका लागि ११ लाख सहयोग उपलब्ध गराउने निर्णय भएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत लोकराज खत्रीले जानकारी दिए ।

कालिका नगरपालिकाले ३५ लाख, माडी नगरपालिकाले ४३ लाख ९८ हजार २०६, खैरहनी नगरपालिकाले १५ लाख सहयोग उपलब्ध गराउनुका साथै राप्ती नगरपालिकाले बाढीपछि नगरका एम्बुलेन्स, कृषि एम्बुलेन्सलगायत साधन तथा उपकरण खोज, उद्धार तथा अन्य सहयोगमा परिचालन गरिरहेको नगर प्रमुख शमशेर लामाले जानकारी दिए ।

यसअघि भरतपुर महानगरपालिकाले बाढीबाट प्रभावित नागरिकको राहत तथा पुनःस्थापनाका लागि एक करोड एक लाख सहयोग गर्ने निर्णय गरिसकेको छ भने रत्ननगर नगरपालिकाले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा ३२ लाख सहयोग गर्ने निर्णय गरेको छ ।

चितवनका स्थानीय तहले आर्थिक सहयोगसँगै बाढी प्रभावित क्षेत्रमा खोज तथा उद्धार, बेपत्ताको खोजी, शव व्यवस्थापनलगायतका कार्यमा समेत सहयोग गरिरहेका छन् । स्थानीय तहका एम्बुलेन्स, शववाहन तथा अन्य आवश्यक साधनस्रोतसमेत यस कार्यमा परिचालन गरिएका छन् ।

# सुर्खेत जिल्ला भलिबल संघको अध्यक्षमा रविन्द्र जंग शाही

**युग संवाददाता**
**सुर्खेत, २० भदौ ।**

सुर्खेत जिल्ला भलिबल संघको पाँचौं जिल्ला अधिवेशनबाट नयाँ कार्यसमिति चयन भएको छ । अधिवेशनले रविन्द्र जंग शाही (लेकबेसी) को अध्यक्षतामा नयाँ कार्यसमिति सर्वसम्मत चयन गरेको हो । नवनिर्वाचित कार्यसमितिको उपाध्यक्षमा गगन सिंह ठकुरी (सिम्ता), सचिवमा धनबहादुर चौधरी (वीरेन्द्रनगर) र कोषाध्यक्षमा गणेशबहादुर शाही (वीरेन्द्रनगर) चयन भएका छन् । त्यसैगरी सदस्यहरूमा गोपाल गुरुङ (बराहाताल), अमृता बिष्ट (बराहाताल), डम्मर बिसी (पञ्चपुरी) र तीर्थ गाहा (लेकबेसी) चयन भएका छन् ।

उपाध्यक्षमा निर्वाचित गगन सिंह ठकुरीले आफूलाई जिम्मेवारीका लागि विश्वास गरेकोमा वर्तमान पदाधिकारी, कर्णाली प्रदेश भलिबल संघ, निर्वाचन समिति लगायत सम्पूर्ण सहयोगीप्रति धन्यवाद व्यक्त गरेका छन् । उनले आगामी दिनमा सुर्खेतमा भलिबल खेलको विकास, खेलाडीको क्षमता अभिवृद्धि तथा जिल्लामा भलिबलको गतिविधिलाई थप व्यवस्थित र प्रभावकारी बनाउन नयाँ कार्यसमितिले सक्रिय भूमिका निर्वाह गर्ने बताएका छन् ।

नवनिर्वाचित कार्यसमितिले जिल्लाका खेलाडी, प्रशिक्षक, रेफ्री तथा भलिबलप्रेमीसँग सहकार्य गर्दै भलिबल खेललाई थप उचाइमा पुऱ्याउने प्रतिबद्धता जनाएको छ ।

# वीरेन्द्रनगरमा श्रीकृष्ण लाखे तथा रथ यात्रा प्रतियोगिता

**युग संवाददाता**
**सुर्खेत, २० भदौ ।**

धार्मिक, सांस्कृतिक तथा मौलिक परम्पराको संरक्षण र प्रवर्द्धन गर्ने उद्देश्यले वीरेन्द्रनगर, सुर्खेतमा आयोजित 'श्रीकृष्ण लाखे तथा रथ यात्रा प्रतियोगिता-२०८३' भव्य रूपमा सम्पन्न भएको छ ।

प्रतियोगितामा विभिन्न समूहले लाखे नाच, रथ यात्रा, तरबार नाचलगायतका सांस्कृतिक प्रस्तुति प्रस्तुत गरेका थिए । प्रतियोगितामा उत्कृष्ट प्रदर्शन गर्ने समूह तथा व्यक्तिहरूलाई नगद पुरस्कारसहित सम्मान गरिएको थियो ।

प्रतियोगितामा शिव विहार पुस्तकालय, लाटीकोइली प्रथम हुँदै रु. १ लाख १ हजार पुरस्कार प्राप्त गर्न सफल भयो । त्यस्तै वैदिक सनातन गणेश चोक द्वितीय हुँदै रु. ५० हजार ५ सय तथा शिवालय युवा क्लब, गुप्तिपुर तृतीय हुँदै रु. २५ हजार २५ पुरस्कार प्राप्त गरे ।

## भोटेकोशी बाढी :

# एक हजार २९४ शव फेला, पाँच हजार ५३ अझै सम्पर्कविहीन

**युग संवाददाता**
**काठमाडौँ, २० भदौ ।**

रसुवास्थित भोटेकोशी नदीमा यही भदौ १० गते आएको विनाशकारी बाढीपछि हालसम्म एक हजार २९४ जनाको शव फेला परेको छ भने पाँच हजार ५३ जना अझै सम्पर्कविहीन रहेका छन् । बाढीबाट ठूलो जनधनको क्षति भएपछि सुरक्षा निकायले बेपत्ता भएकाको खोजी तथा उद्धारलाई तीव्र बनाएका छन् ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले आज साँझ सार्वजनिक गरेको विवरणअनुसार फेला परेका शवमध्ये रसुवामा १४०, नुवाकोटमा १८४, धादिङमा ६७, गोरखामा ७३, तनहुँमा ३८, नवलपरासी पूर्वमा २२१ र नवलपरासी पश्चिममा २१२ रहेका छन् । यस बाहेक विभिन्न स्थानबाट ३५९ मानव अंग समेत फेला परेका छन् । प्राधिकरणका प्रवक्ता शान्ति महतका अनुसार सम्पर्कविहीन हुनेमध्ये रसुवा जिल्ला प्रशासन कार्यालयबाट प्राप्त हालसम्मको अद्यावधिक विवरणअनुसार करिब दुई हजार १३० जना, नुवाकोटबाट करिब दुई हजार ३४० जना र ५८३ जना विदेशी नागरिक रहेका छन् ।

बेपत्ताको संख्या ठूलो रहेकाले खोजी तथा उद्धार कार्यलाई थप प्रभावकारी बनाइएको प्राधिकरणले जनाएको छ । बाढी प्रभावित क्षेत्रमा सञ्चालन गरिएको उद्धार अभियानबाट हालसम्म १३ हजार ९५ जनाको उद्धार गरिएको छ । उद्धार गरिएकामध्ये नेपाली सेनाले चार हजार १५७, नेपाल प्रहरीले चार हजार ६८ तथा सशस्त्र प्रहरी बलले संयुक्त रूपमा चार हजार ८७० जनाको उद्धार गरेको प्राधिकरणले जनाएको छ ।

त्यस्तै, हालसम्म ९६ शवको सनाखत भई आफन्तलाई बुझाइएको प्राधिकरणले जनाएको छ । बाढीपछि घाइते तथा प्रभावित गरी हालसम्म पाँच हजार ६६३ जनाको उपचार गरिएको प्रवक्ता महतले बताए । विभिन्न अस्पतालमा ३१४, नेपाली सेनाबाट तीन हजार २६६ जना र सशस्त्र प्रहरी बलबाट दुई हजार ८३ जनाले स्वास्थ्य उपचार सेवा लिएका छन् ।

## रिसाङका...

पहिरोका कारण अस्थायी टहरासमेत गुमाएका परिवारलाई अब बालबालिकाको स्वास्थ्यको चिन्तासमेत थपिएको छ । टेन्टमुनिको असुरक्षित र चिसो बसाइका कारण बालबालिका बिरामी पर्न थालेका छन् ।

पहिरो प्रभावित जानुका विकले भूकम्पपछि बनाएको अस्थायी टहरासमेत पहिरोले बगाएको बताइन् । 'भूकम्पले घर भत्किएको थियो । त्यसपछि बनाएको अस्थायी टहराको बाससमेत पहिरोले लग्यो । अहिले टेन्टमुनि बस्नुपरेको छ । बालबालिका बिरामी हुन थालेका छन् । अझै कति समय यसरी बस्नुपर्ने हो, थाहा छैन,' उनले भनिन्, 'सरकारले तत्काल स्थायी आवासको व्यवस्था गरिदिए धेरै राहत हुने थियो ।'

रिसाङमा पहिरोले घरसँगै खेतबारीसमेत बगाएपछि कतिपय परिवारका लागि पुनः सामान्य जीवनमा फर्किनु झनै कठिन बनेको छ । कली कामीले पनि आफ्नो परिवारले अहिलेसम्म सुरक्षित आवास पाउन नसकेको बताइन् ।

'अहिलेसम्म टहरामा बसेकै थिइनँ, पहिरोले घरबारी सबै बगाएपछि टेन्टमा बस्नुपरेको छ । अहिले सरकार रसुवातिर केन्द्रित भएको छ । यता हाम्रो पीडा सरकारले सुन्छ कि सुन्दैन भन्ने चिन्ता लागेको छ,' उनले भनिन् ।

रिसाङमा साउन ३० गते आएको बाढीपहिरोबाट करिब ३ सय घरपरिवार प्रभावित भएका थिए । विपद्का कारण १२ घरपरिवार पूर्ण रूपमा घरबारविहीन भएका छन् । पहिरोमा परी तीन जनाको घटनास्थलमै मृत्यु भएको थियो भने एक जनाको उपचारका क्रममा मृत्यु भएको थियो । विपद्मा ११ जना घाइते भएका थिए ।

यी तथ्यांकले रिसाङले भोगेको विपद्को गहिराइ देखाउँछन् । तर तथ्यांकभित्र रहेका परिवारका पीडा भने अझै टेन्टभित्रै छन् । घर गुमाएका परिवारका लागि राहत सामग्रीसँगै सुरक्षित आवासको आवश्यकता दिनप्रतिदिन बढ्दै गएको छ ।

वर्षायाम अझै बाँकी रहेकाले अस्थायी आश्रयस्थलमा बसिरहेका परिवारलाई तत्काल सुरक्षित स्थानमा स्थानान्तरण गर्नुपर्ने अवस्था छ । उनीहरूलाई खाद्यान्न, स्वास्थ्य सेवा, बालबालिकाका लागि आवश्यक सहयोग तथा सुरक्षित आवासको व्यवस्था गर्नुपर्ने माग स्थानीयस्तरबाट उठिरहेको छ ।

रिसाङका पीडितहरू रसुवाको विपद्प्रति राज्यले देखाएको चासोप्रति असन्तुष्ट हुनुभन्दा पनि आफ्नो पीडा पनि राज्यको प्राथमिकतामा परोस् भन्ने चाहन्छन् । उनीहरूको भनाइमा विपद् जहाँ भए पनि पीडा उस्तै हुन्छ र घर गुमाएका परिवारका लागि राज्यको साथ उत्तिकै आवश्यक हुन्छ । अहिले रिसाङका टेन्टहरूमा वर्षाको पानीसँगै एउटा प्रश्न पनि खसिरहेको छ- 'सरकारले अब हामीलाई हेर्छ कि हेर्दैन ?'

## हानि-नोक्सानी...

कोषबाट रकम प्राप्त गरी कार्यान्वयनमा ल्याउन नेपालका लागि केही जटिलता तथा चुनौतीहरू पनि छन् । हाल कोषमा जम्मा प्रतिबद्धता ८०० मिलियन डलर रहेको तर तत्काल दिन सकिने केवल ३५० मिलियन डलर रहेको छ, जबकि विश्वभरबाट माग २.८ बिलियन डलर रही सीमित कोषमा ज्यादै ठूलो चाप र प्रतिस्पर्धा पर्नेछ । कोषमा माग र आपूर्तिबीच ठूलो खाडल रही आफैँ वित्तीय सङ्कटतर्फ धकेलिने जोखिम रहेको देखिन्छ ।

नेपालको रसुवामा आएको बाढी पूर्णरूपमा जलवायु परिवर्तनकै कारण हो भनी प्रमाणित गर्न राष्ट्रियस्तरमा एट्रिब्युसन विज्ञान मोडेल प्रयोग गरी तत्कालै तयार पार्नु प्राविधिक रूपमा कठिन रहेको छ । तथापि यो कार्य असम्भव भने छैन । विश्वभरि नै कुनै पनि चरम मौसमी घटनामा जलवायु परिवर्तनको भूमिका कति थियो भनेर पत्ता लगाउन यो विज्ञानको प्रयोग तीव्ररूपमा भइरहेकाले सोको उपयोग गरी प्रमाणित गर्न सकिनेछ ।

यस्तै कोषको बोर्ड बैठकहरूमा प्रक्रियागत अलमल र निर्णय प्रक्रिया सुस्त हुँदा (जस्तै सन् २०२६ को मनिला बैठकमा पहिलो चरणको परियोजना स्वीकृति सरेको थियो) आपतकालीन सहायता प्राप्त गर्न समय लाग्न गई तत्काल सम्बोधन हुन गाह्रो छ । सङ्घ, प्रदेश र स्थानीय तहबीच कमजोर सहकार्य र समन्वयको रहेको अवस्था छ । भरपर्दो 'हानि-नोक्सानी'सम्बन्धी एकीकृत तथ्याङ्क भण्डार नहुँदा माग गरिएको क्षतिको दाबी अन्तरराष्ट्रिय स्तरमा प्रमाणित गर्न समेत चुनौती रहेको छ ।

**आगामी रणनीति**

नेपालले हानि-नोक्सानी कोषबाट अधिकतम वित्तीय सहायता प्राप्त गर्ने कार्य प्राविधिक मात्र नरही यो कुटनीतिक कार्य पनि हो । त्यसको सही परिचालन गर्न जलवायु कूटनीति र आन्तरिक विपद् व्यवस्थापन संयन्त्रको सुदृढीकरण गरी दुवैलाई सँगसँगै अगाडि बढाउनु पर्दछ । यसका रणनीति र सम्बन्धित आयामहरू निम्नानुसार रहेका छन् :

-नेपालको जलवायु कूटनीति र अन्तरराष्ट्रिय सहकार्यः नेपालले अन्तर्राष्ट्रिय मञ्चमा यस संवन्धमा आवाज उठाउनुका साथै समान एजेन्डा भएका अन्य समूह र देशहरूसँग रणनीतिक गठबन्धन बनाई वा सामेल भई अघि बढ्नु बुद्धिमानी हुनेछ ।

-अल्पविकसित देशहरूको समूहः नेपाल यो समूहको सक्रिय सदस्य रही आएको छ । एलडिसी समूहले हानि-नोक्सानी कोषमा पर्वतीय र टापु राष्ट्रहरूका लागि निश्चित हिस्सा छुट्याउन सामूहिक दबाब दिइरहेको छ, जसमा नेपालले आफ्नो नेतृत्वदायी भूमिका कायम राख्न सक्नु पर्दछ ।

-पर्वतीय राष्ट्रहरूको सञ्जालः नेपालले भुटान, कीर्गिजस्तान, र पेरुजस्ता पर्वतीय मुलुकहरूसँग मिलेर 'पर्वतीय संवेदनशीलता र हिमनदी पग्लिने समस्या' लाई हानि-नोक्सानी कोषको मुख्य प्राथमिकतामा राख्न पैरवी र वकालत गर्दै जानुपर्दछ ।

-अन्तरराष्ट्रिय प्राविधिक संस्थाहरूसँग सहकार्यः जलवायु परिवर्तनको असर प्रमाणित गर्ने प्राविधिक क्षमता नेपालसँग कम भएकाले राष्ट्रसङ्घीय एजेन्सीहरू, विश्व मौसम सङ्गठन, आइपिसिसीजस्ता संस्थाहरूसँग साझेदारी गरी रसुवा र भोटेकोशीजस्ता बाढीका घटनाहरूको वैज्ञानिक प्रतिवेदन तयार गर्नुपर्दछ ।

कोषको कडा मापदण्डअनुसार 'परियोजना प्रस्ताव' तयार गर्न, सामाजिक तथा वातावरणीय सुरक्षाको खाका तयार पार्न र प्राविधिक प्रतिवेदन बनाउनसक्ने विशेषज्ञ जनशक्तिको राष्ट्रिय तथा अन्तरराष्ट्रिय रुपमा खोज गरी उपयोग गर्ने र सम्बन्धित निकायहरूको क्षमता अभिवृद्धि गर्नु पर्दछ । विभिन्न जिल्लाहरूमा बाढीले पुर्याएको क्षतिको डिजिटल र प्रमाणित 'हानि-नोक्सानी तथ्याङ्क' तुरुन्तै अध्यावधिक गर्ने, प्रभावित स्थानीय तहलाई प्रस्ताव तयार गर्दादेखि नै समावेश गरी जलवायु वित्त परिचालन र अनुगमन प्रक्रियामा प्रत्यक्ष सहभागी गराउने, सम्बन्धित निकायले एफआरएलडीको मार्गनिर्देशन अनुसार तयार भएको वा हुने परियोजना प्रस्तावलाई थप परिष्कृत गरी सबै प्रावधान अनुरुप बनाउनुपर्छ । नेपालको 'विपद् पूर्वानुमान र प्रमाणीकरण' गर्ने निकायको सुदृढीकरण गर्ने, विभिन्न जलवायु स्रोतवाट प्राप्त हुने जलवायु वित्तको परिचालन गर्ने निकायहरूको क्षमता बढाई कार्यदक्षता अभिवृद्धि गर्नुपर्दछ ।

**अन्त्यमा,**

रसुवा, नुवाकोट, धादिङ र आसपासको क्षेत्रमा भएको भोटेकोशी बाढीको वितण्डा नेपालका लागि जलवायु अन्यायको प्रत्यक्ष उदाहरण हो । पेरिस सम्झौताको भावनाअनुरूप स्थापित हानि-नोक्सानी कोषबाट राहत र पुनर्निर्माणका लागि आवश्यक आर्थिक क्षतिपूर्ति प्राप्त गर्न नेपाल पूर्णरूपमा हकदार छ । तर कोषको सीमित रकम र कडा अन्तर ाष्ट्रिय मापदण्डका कारण सहायता प्राप्त गर्न नेपालले तत्काल आफ्नो जलवायु कूटनीतिलाई तीव्र बनाउने, विस्तृत डिजिटल क्षति डेटाबेस निर्माण गर्ने र राष्ट्रिय वित्तीय संयन्त्रहरूलाई पारदर्शी र चुस्त बनाई अघि बढ्नु पर्दछ । नेपालले हालै कोषमा पठाएको प्रस्तावलाई सफल बनाउन अन्तरराष्ट्रिय मञ्चहरूमा बलियो प्राविधिक प्रमाणसहित पैरवी र वकालत गर्नु नै अहिलेको मुख्य आवश्यकता हो । *(लेखक नेपाल सरकारका पूर्वसचिव हुन्)*

# हुम्ला जिल्ला अनिश्चितकालका लागि अन्धकार ! तत्काल विद्युत सूचारु गर्न स्थानीयको माग

**युग संवाददाता**
**सुर्खेत, २० भदौ ।**

हुम्ला जिल्लाको सदरमुकाम सिमकोट लगायतका अधिकांश गाउँहरु भदौ १६ गते देखि अन्धकारमय बनेका छन् । विद्युत उत्पादन गर्ने मेसिन सञ्चालन नहुँदा १६ गते देखि विद्युत उत्पादन अवरुद्ध भएको हो । यो सँगै हुम्ला फेरी अनिश्चितकालाका लागि अन्धकार बनेको छ ।

जिल्ला सदरमुकाम सिमकोट र खार्पूनाथ विद्युत आपुर्ती गर्दै आएको ५०० किलोवाट क्षमताको हिल्दुम साना जलविद्युत आयोजना हेल्दुम पावरहावसको हाल सञ्चालनमा रहेको युनिट-१ को को गर्भनरमा समस्या आउँदा उक्त वितरण केन्द्रबाट वितरित विद्युत सेवा पूर्ण रुपमा अवरुद्ध भएको हो । यसबाट स्थानीय अन्धकारमा बस्न बाध्य भएका छन् भने जिल्ला अस्पतालजस्ता अति संवेदनशील क्षेत्रमा समेत समस्या सिर्जना हुनसक्ने देखिएको छ ।

जिल्ला अस्पताल हुम्लामा भने सोलार सिष्टम राखिएको र धेरै दिनसम्म पानी परेको खण्डमा भने अस्पतालमा सेवा प्रवाह गर्न समस्या सिर्जना हुनसक्ने तर हाल भने त्यस्तो समस्या नभएको अस्पतालका सूचना अधिकारी छिरिङ युङडङ लामाले जानकारी दिए ।

हुम्ला जिल्लामा हालसम्म नेपाल विद्युत प्राधिकरणको राष्ट्रिय प्रसारण लाईन पुग्न सकेको छैन । मुगुसम्म पुगेको उक्त लाईनका पोलहरु गाडेर हुम्लाको समदमुकाम सिमकोटसम्म पुगिसकेका छन भने तार तान्न बाँकी रहेको छ । तार तान्न मात्र कम्तिमा तीन महिना लाग्ने हुँदा यदि विद्युत आपुर्तिको वैकल्पिक उपाय अवलम्बन नगरेको खण्डमा हुम्लावासीले अन्धकारमै बस्नुपर्ने बाध्यता सिर्जना भएको हो ।

आयोजनाका कार्यालय प्रमूख जितेन्द्र शाहले तत्काल विद्युत उपलब्ध हुनसक्ने सम्भावना नरहेको बताए । उनले विग्रेका सामान नपाइएको बताउँदै सामान नभएसम्म विद्युत आपुर्ति नहुने भनेर सूचनासमेत सार्वजनिक गरिसकेको जानकारी दिए ।

'युनिट-१ को गर्भनरले काम गर्दैन । उक्त पार्टस अटोमा नबसेका कारण १६ गतेबाट विद्युत आपूर्ति पूर्ण रुपमा बन्द भएको छ । हामीले विग्रेका पार्टसको खोजी गरिरहेका छौं ।' उनले भने, 'भेटिएको खण्डमा विद्युत सुचारु हुनेछ तर मेसि नै धेरै पुरानो भएको र उक्त मेसिनका पार्टपुर्जाहरु नै पाउन छोडेका कारण समस्या सिर्जना भएको हो ।'

उसो त हुम्लामा दुई ओटा जेनेरेटरसमेत छन् । एक सय केभीको एउटा, एक सय पच्चीस केभिएको अर्को जेनेरेटर रहेको उनले बताए । ती जेनेरेटरका लागि एक घण्टा चलाउँदा ८० लिटर डिजेल आवश्यक पर्ने उनको भनाई छ । 'यहाँ एक लिटर डिजेलको दुई सय पचास रुपैंया पर्ने गरेको छ । दिनको तीन घण्टा मात्रै जेनेरेटर चलाइएको खण्डमा २४० रुपैंया लाग्छ । महिनाको सात हजार दुई सय लिटर डिजेल खपत हुनेहुँदा त्यसकालागि मासिक रुपमा १८ लाख रुपैंया खर्च हुन आउँछ । त्यो खर्च हामी धान्न सक्दैनौं ।' उनले भने, 'हामीलाई डिजेल उपलब्ध गराई दिएको खण्डमा हामी विद्युत सेवा सूचारु गर्न सक्छौं ।'

यता, पूर्व मुख्यमन्त्री एवम नेपाली काँग्रेस संसदीय दलका नेता जीवनबहादुर शाहीले हुम्लावासीलाई अन्धकारमा राख्न नहुने बताए । 'सधैं यो वा त्यो वाहानामा हामी हुम्लावासीलाई अध्याँरोमा राख्न पाईदैन । जसरी हुन्छ विद्युत प्राधिकरणले विद्युत सेवा सूचारु गर्नुपर्छ' उनले भने, 'कि राज्यले हुम्ली जनता यो देशका नागरिक नै होईनन भनेर भन्नुपर्‍यो, नभए विद्युत सेवा तत्काल सूचारु गर्नुपर्छ ।'

हुम्ला जिल्लामा विद्युत सेवा अवरुद्ध हुँदा जिल्लाका वित्तीय संस्था, वैंक, सञ्चारमाध्यम, व्यवसाय चौपट हुने जोखिम बढेको छ भने नागरिकले मोवाईल चार्ज गर्न समेत नपाउने अवस्था सिर्जना भएको हो । यस विषयमा कुरा गर्न खोज्दा उर्जा जलस्रोत तथा सिंचाई मन्त्रालयका प्रवक्ता मोहन कुमार शाक्य, सूचना अधिकारी राजु मर्हजनको फोन उठेन ।

## कर्णाली करिडोर सुचारु

**◣युग संवाददाता**
**हुम्ला, २० भदौ ।**

कर्णाली करिडोरको हुम्ला जिल्लाभित्र पर्ने सर्केगार्ड गाउँपालिकाको खडिखेतमा सडक अवरुद्ध भएको नौ घण्टापछि सुचारु भएको छ। शनिबार बिहान सात बजेबाट सडकमा माथिबाट पहिरो खस्दा अवरुद्ध रहेको र त्यसलाई पन्छाएपछि ३:३० बजेबाट सुचारु भएको हो।

रातभरको वर्षाले खडिखेतमा पहिरो खस्दा सडक पुरिएपछि यातायात सेवा अवरुद्ध भएकोमा त्यसलाई पन्छाएर सफा गरेपछि सुचारु भएको प्रहरी नायव उपरीक्षक शंकर खड्काले बताए।

पहिरो खसेको सडक नजिकै एउटा बोलेरो जीप पनि रहेको अवस्थामा त्यसलाई समेत धन्नै सो जीप नै पुरिने अवस्थामा रहेकोमा जीपलाई पनि सुरक्षित रुपमा तानिएको छ। हिल्सा सिमकोट सडक योजनाले जेशिभिको व्यवस्था गरेपछि सडक सुचारु भएको हो।

करिब २० मिटर सडक पहिरोमा पुरिएको थियो। पहिरो पन्छाएपछि यातायात सेवा सुचारु भएको छ। यसबाट सिमकोट आउने र सिमकोटबाट जाने यातायातका साधन नियमित भएका छन्।

# नेपाली भोटेकोशी बाढीपछि बेपत्ता भएका आफन्तको पर्खाइमा नेपालगञ्जका अनलाल

**◣युग संवाददाता**
**बाँके, २० भदौ ।**

नेपालगञ्ज उपमहानगरपालिका-२० थपुवा निवासी अनलाल रोकाय रसुवाको भोटेकोशी बाढीपश्चात सम्पर्कविहीन भएका दाजु, भाउजु र छोराको कि सास कि लासको पर्खाइमा छन्। भदौ १० गते आएको बाढीपश्चात् उनका लागि अहिले दिनहरू टोलाएर बिताउने माध्यम बनेका छन्।

बाढीपछि रोकायका १९ वर्षीय छोरा दीपक, ५३ वर्षीय दाजु शेरसिंह र भाउजु विष्णुमती सम्पर्कविहीन छन्। रसुवा भन्सार कार्यालय टिमुरेस्थित पार्किङमा काम गर्ने रोकायका दाजु र भाउजुसँगै गोसाइँकुण्ड घुम्न गएका छोरा दिपकको अवस्था हालसम्म अज्ञात छ। घटना भएको ११ दिनसम्म पनि कुनै जानकारी नपाएपछि पीडामाथि थप पीडा भएको रोकायले बताए। गोसाइँकुण्ड घुम्न गएका छोर ासहित दाजु, भाउनु गुमाउँदाको पीडाले उनका आँसु रोकिएका छैनन्।



"चितवनको अस्पताल पुगेर सबै शव हेरैं, कहीँ भेटिएको खबर आउँछ कि भन्ने आश थियो। दिनहरू बित्दै जाँदा निराशा बढ्दै गएको छ", रोकायले भने, "हाम्रा मान्छे हराएको यति धेरै दिन भयो, सास कि लास केही नभेटिँदा झन पीडा र अलमल बढ्दै गएको छ।" शव पहिचान शुन्छ कि भनेर गर्न डिएनए परीक्षणको लागि रिपोर्ट गरेको उनले बताए।

फेला परेका शव भन्दा हराएकाहरूको सङ्ख्या बढी रहेकाले सास र लासको आशा भने मर्दै गएको रोकायले बताए। उनको परिवारले लास वा सासको आश गर्दागर्दै हालसम्म धार्मिक संस्कारसमेत गर्न सकेको छैन।

"घटनाको प्रकृति हेर्दा अब हाम्रा मान्छेको सास वा लास आउने सम्भावना हराएको छ। हिमपहिरोमा परी बेपत्ता व्यक्तिको अन्तिम संस्कारका बारेमा सरकारले निधो गरिदिए हामीलाई सजिलो हुनेथियो", उनले भने, "लास र सास पाउने आशामा धेरै दिन बिते, के आधारले काजक्रिया गर्ने भन्ने अलमलले धार्मिक संस्कार गर्न नपाउँदा थप पीडित हुन पुगेका छौं।"

सुदूरपश्चिमको बाजुराबाट बाँकेको नेपालगञ्जमा बसाइँसराइ गरेका रोकाय परिवारका घरमूली दाजु शेरसिंह रोजगारीका लागि श्रीमतीसहित सात वर्षदेखि रसुवा भन्सार कार्यालय टिमुरेमा कार्यरत हुन। चाडपर्व र काम पर्दा घर आएपनि अन्यबेला दाजु, भाउजु टिमुरेमै बस्दै आएको बताए। उनका अनुसार पछिल्लो पटक गत असारमा पनि दाजु धान रोपाइँ गर्न घरमा आएको थियो।

### पढाइमा अब्बल थिए दिपक

भोटेकोशी बाढीमापश्चात् बेपत्ता भएका छोरा दिपक पढाइमा अब्बल रहेको आमा कर्णसरी रोकायले बताए। नेपालगञ्ज-२० राँझास्थित भेरी विद्या मन्दिरमा नर्सरीदेखि कक्षा ८ सम्म अध्ययन थिए। हाल स्नातक तहमा अध्ययनरत दिपकले काठमाडौंमा बसेर लोकसेवा तयारी गरिरहेका थिए।


"स्कूल पढ्दा कक्षामा सधैँ पहिलो हुने गर्थ्यो, अहिले पनि लोकसेवामा नाम निकाल्ने भनेर मेहनत गरेर तयारी गरिरहेको थियो", आमा कर्णसरीले भने, "लोकसेवाको परीक्षा पनि दिइरहेको थियो, कतिपय परीक्षाको रिजल्ट नआउदै छोरो बेपत्ता भएको छ।"

### एउटै वडाबाट पाँच जना बेपत्ता

रसुवाको भोटेकोशी बाढी पश्चात नेपालगञ्ज-२० का पाँच जना बेपत्ता भएका छन्। रोकाय परिवारका तीनसहित स्थानीय अराम दमाईं र उजना दमाईं गरी पाँच जना बेपत्ता भएका नेपालगञ्ज-२० का कार्यवाहक वडाध्यक्ष चक्रबहादुर बुढाले बताए।

उनका अनुसार रोकाय परिवारका सबै आफन्त नेपालगञ्ज-२० थपुवामा बस्दै आएपनि अराम र उजनाका छोराछोरी काठमाडौं बस्दै आएका छन्। बेपत्ता व्यक्तिको खोजी कार्य र आफन्तलाई आवश्यक सहयोगका लागि स्थानीयस्तरबाट सहयोग र समन्वय भइरहेको उनले बताए।

## घुयँत्रो



वलि बा तपाईंको सत्बुध्दि किन आउन्न के! मंशिर २३ देखिनै तपाईंको विरुद्ध सारा देश खनिएका छ तर, पनि तपाईं उटपट्याङ गर्न छोडनु हुन्न! कैले यो सरकार ब्ष ले बनाको भन्नू हुन्छ अनि कैले सरकारको विरुद्धमा अभियाननै चलाउँछु भनेर झोलेहरलाई उचालिने र पछारिने गराउनु भा हुन्छ। खास भन्ने हो भने त जब जेनजीले पच्युत गराए तबदेखि पाटिको संरक्षक बनेर बस्याभा ऐलेसम्म तपाईंका विरुद्ध आगोओकल्ने जनता नि तपाईं का वक्षाँ भै सक्थे। तर के गर्नु देशाँ यत्रो प्रलय आयो पाटिका नेताहरुमध्ये जेठो नेता सायद तपाईं नै हुनुहुन्छ होला। जेठोबाठो नेताले सबैलाई एकजुट बनाएर यो विपदमा सबैलाई जुटाएर लग्नु पर्ने ठाउँमा " मत राहत कोषाँ पैसै हाल्दैन आँफै बाँडेर हिँडछु" भन्नू भो तर पिडितलाई चामल बाँडैं भन्ने निहुमा कार्यकर्ता लाई चामलको बोरो थाम्न लाएर फोटो खिचेर पोस्ट्याएर गज्जब गर्छु भन्नू भा हुँदो तर त्यै फोटो हेरेर तपाईंका बिरुध्द गालिका बर्षात हुँदैछन। कार्कर्ताहरु वलि बा कैले पाटि छोडेर जालान र जेनजीले सिध्याई द्या पाटि बनाउँदा हुम् भनेर बाटो हेरेर बस्या बस्यै छन। तर, तपाईं टस्कोमस गर्नु हुन्न। विचरा कार्यकर्ताहरुनि अब त कैले बाले पाटि छोडलान भनेर कुर्दाकुर्दै कार्यकर्ताले नै पाटि छोडेर जानू पर्ने होला जस्तो भो! तर तपाईंलाई पाटि छोडन कुकुरलाई हड्डि छोडन जस्तै गाह्रो भो। हुन त अँझै २० बर्ष पाटि छोडदिन जस्ले जाँ गएर टाउको फोडने हो फोडे हुन्छभनेर उल्टै कार्यकर्ता दम्काउनु हुन्छ। तपाईंको यो पारा हेर्दा त जेनजी आन्दोलन पछि बालकोटाट गुण्डु लखेटे अब यो प्रलयमा गर्या तपाईंको नाटकाट आजित भएर जनता र कार्यकर्ता मिलेर एकोहोरो झापातिर लखेटे भने अनि खानुहोला खुदो। त्यसै त ऐलेको सरकारले पुरानादलका नेता भनेछि कल्लाई कुन बेला कुन खाल्टाँ हाल्ने भनेर रातदिन स्तुति गरिरा हुन्छ। अँझ भएन भनेर सरकारकै विरुध्द हुनेगरि कार्यक्रम चलाउँदै हिँडदै गरेछि बाँकि काँट छोडलान के! सामाजिक सन्जालाँ पोष्ट्या फोटो हेर्दा त वलि बाले पिडितको नामको राहत कार्यकर्ता हात पारेर फर्केर आएछि देख्नेले नि के भन्लान भन्नेनि सोच्नु भएन हगि! आँफैले राहत बाँडेछि राहत लानेजति सब्बै आफ्नै झोले बन्लान भन्ने सोचले होकि राहतका नाममा बाँडने कुरा आफ्ना पाटिका बाहेक अरुले नपाउन भनेर हो कुन्नि! यो बर्षामास बरखिकै लुगा लाएर गाउँगाउँ भौंतारिँदै हिँडदा बुढेसकालको रोगले समाउला र थलापरियला अनि " चौटा खान गा कि बूढि झोलाँ डुबेर मरि " भन्या जस्तो होलानि! त्यसैले वलि बा अब तपाईं को उमेरनि जिद्दी गर्ने छैन के त्यसैले आँफुभन्दा तल्थिरका नेताले जे गर्छन गर्न दिनोस अब तपाईंका दिन गए। सँधैभरि तपाईंल्यै पाटि अँठ्याएर बस्ने हो भने त्यो दोश्रो पिंडिले कैले गरि खालान के! अब त उमेर पनि त भो त तपाईंको। त्यसैले यै हो मौका, अब बिस्तारै लगाम छोडदै जानोस र गरि खाव भन्नोस, सके गरि खान्छन नसके तिनी पनि जान्छन। सँधैभरि तपाईंको ठेक्का काँ हो तनि पाटि। आफ्नै ठेक्का भा झैं गरि सँधै पाटि अँठ्याएर बस्दा पाटिको यो बेहाल बनाईदे। अँझै छोडनु भएन भने अँझ पाटि कुन अबस्थाँ पुग्ने हो था छैन। बा! के अँझ पनि हजुर सच्चिन र तपाईंको अधिनायकवाद लाई सेलाृन मिल्दैन र? मिल्छ भने ढिलो किन त!

## चार...

पुग्नेबित्तिकै सवारीसाधनको यात्रा जोखिमपूर्ण बन्ने गरेको छ। सामान्य अवस्थामा खोलामा सवारीसाधन सञ्चालन गर्न सकिए पनि वर्षायाममा पानीको बहाव बढ्दा घण्टौंसम्म यातायात प्रभावित हुने र कतिपय अवस्थामा खोलामै गाडी हालेर पार गर्नुपर्ने अवस्था आउने गरेको स्थानीयको भनाइ छ।

विशेषगरी वर्षायाममा खोला बढेपछि यात्रुहरू जोखिम मोलेर वारपार गर्नुपर्ने अवस्था आउने गरेको स्थानीय प्रकाश केसीले बताए। पुल नहुँदा बिरामी, बालबालिका, ज्येष्ठ नागरिक तथा दैनिक उपभोग्य सामग्री बोकेर आवतजावत गर्ने स्थानीय बढी प्रभावित हुने गरेका छन्।

स्थानीयका अनुसार पुल निर्माण भएपछि वर्षायाममा हुने यातायातको समस्या समाधान हुनुका साथै छेडागाड, जुनिचाँदे र कुशेका विभिन्न क्षेत्रमा आवतजावत गर्न सहज हुने अपेक्षा थियो। तर वर्षौंसम्म पुल अधुरै रहँदा स्थानीयको त्यो अपेक्षा पूरा हुन सकेको छैन।













**युगआव्हान दैनिक**का लागि **प्रकाशक/सम्पादक**: दीपककुमार बुढा क्षेत्री, **कार्यकारी सम्पादक**: ओम बहादुर शाही, **प्रधान कार्यालय**: वीरेन्द्रनगर, सुर्खेत, **कर्पोरेट**: कोहलपुर न.पा.-११, एन.टि.भि. रोड, नेपालगञ्ज, बाँके **शाखा कार्यालय**: सम्भूमार्ग एयरपोट, काठमाण्डौं, लमही-देउखोरी, दाङ, अत्तरिया-धनगढी, कैलाली **फोन**: ०८३-५२१६२७/९८५८०५२८१०, ९८५८०५५६२७,९८५८०५५६२८ **मुद्रण**: रारा प्रिन्टीङ्ग प्रा.लि., कोहलपुर, भवानी छापाखाना, सुर्खेत।